श्री संयोजक ज्यु,

संविधान संशोधनको लागि वहसपत्र तयार गर्ने कार्यदल २०८२,

सिंहदरवार, काठमाडौं।

विषयः संविधान संशोधन र वहसपत्र कार्यदलबारे ।

(१) गत केही समयदेखि सरकारले संविधान संशोधनका लागि वहसपत्र तयार गर्न भनी सङ्घीय संसदमा प्रतिनिधित्व रहेका दलहरूसँग प्रतिनिधिको माग गरी दलीय प्रतिनिधिहरू सहितको कार्यदलका वैठकहरू चलिरहेको छ। वैठकको प्रारम्भदेखि नै हामीले सरकारको वहसपत्र शीर्षकको औचित्यता र वैधतावारे पटक पटक प्रश्न उठायौं। कार्यदलको क्षेत्राधिकार र संविधान संशोधन के-के विषयमा के कारणले संशोधन गर्न खोजेको हो? सरकारको अवधारणा आदि प्रष्ट हुनुपर्‍यो भनी पटक-पटक प्रश्न उठाउँदै आएका छौं। तर अहिलेसम्म सरकारवाट ती कुनै पनि विषयबारे सम्वोधन भएको छैन।

(२) यसवीचमा संविधानविद् लगायत विभिन्न सरोकारवाला समूहहरूसँग पनि सुझाव सङ्कलन गरिएको छ। सुझाव सङ्कलनको प्रक्रिया हेर्दा संविधानको सवै धारा उपधारा खुला गरी सुझाव सङ्कलन गर्ने र संविधान नै पुनर्लेखन गर्न खोजेको जस्तो देखिन्छ। ती सुझावहरू सङ्कलन गरी सहमति भएका विषयहरू संशोधनको प्रक्रियामा र बाँकी विषयहरू वहसपत्र भनी सार्वजनिक वहसमा लाने भन्ने रहेछ। हामीले यही विषयमा गम्भीर आपत्ति प्रकट गर्दै आएका छौं। किनभने वहुदलीय प्रणालीमा फरक विचारहरूबारे प्रचार गर्ने स्वतन्त्रता दलहरूलाई छ। तर यही संविधानप्रति शपथ लिएको सरकारलाई संविधानले संशोधनको परिकल्पना नगरेको प्रस्तावना लगायत संविधानका आधारभूत विषयहरू सबै खुला गरी बहस गर्ने अधिकार छैन। क्षेत्राधिकार नरहेको सरकारले वहसपत्र तयार गर्नु भनेको संविधान विपरीत हुन्छ। त्यसैले वहसपत्र तयार गर्ने क्षेत्राधिकार संशोधन नभएमा कार्यदलमा सहभागी हुन नसक्ने र यही शीर्षकमा सुझावहरू पनि दिन नसकिने भन्दै आएका छौं। संविधान संशोधनको नाममा संविधानको प्रस्तावना लगायतका आधारभूत विषयहरू र सम्पूर्ण धारा दफाहरू खुला गर्ने कार्य जनताको जनादेश र संविधानको भावना विपरीत हुन्छ। त्यसैले संविधान र संविधान संशोधनको आम सार्वभौम मान्यता विपरीत वहसपत्र तयार गर्ने प्रक्रियामा हाम्रो सहमति र सहभागिता हुन सक्दैन।

(३) नेपालको वर्तमान संविधान, संविधान निर्माणकै लागि भनी जनतावाट संविधानसभाको निर्वाचन गरी निर्माण गरिएको हो। संविधानसभाको निर्वाचनको जनादेश संविधान निर्माणमा नै केन्द्रित थियो। त्यसैले संविधान निर्माणको प्रक्रियामा सुरुआतीदेखि नै तत्कालीन राजनीतिक दलहरू सबैको बीचमा आपसी राष्ट्रिय सहमति गरी संविधान लेखन प्रक्रियाको प्रारम्भ गरिएको थियो। यद्यपि संविधानको अन्तर्वस्तुमा

CamScanner

दलहरूबीच फरक मत रहे पनि संविधान निर्माणको प्रक्रियामा आम राष्ट्रिय सहमति थियो। त्यसैको आधारमा जनप्रतिनिधि, संवैधानिक कानुनविद्, सरोकारवाला समाज र सर्वसाधारण जनताको समेत बृहत्तर रूपमा सहभागी गराई लोकतान्त्रिक विधिबाट संविधान निर्माण भएको हो।

(४) यतिखेरको संघीय संसद्-प्रतिनिधिसभा, संविधान अनुसार राज्यको नियमित व्यवस्थापकीय कार्य (विधेयक निर्माण) को लागि ५/५ वर्षमा निर्वाचन गरी गठन गरिएको हो। यद्यपि निर्वाचनको समयक्रम मध्यावधि किन नहोस्, मध्यावधि निर्वाचनबाट प्राप्त जनादेश पनि व्यवस्थापकीय कार्यहरूकै लागि हो। संविधान निर्माणको जनादेश र व्यवस्थापकीय कार्यहरूको जनादेश भनेको मौलिक र गुणात्मक रूपले फरक जनादेशहरू हुन्। तर पनि राज्यलाई जरुरी पर्यो भने संघीय संसद्ले पनि संविधानको प्रस्तावना र आधारभूत मूल्य मान्यताका विषयहरू वाहेकका केही सीमित विषयहरूमा संविधान संशोधन गर्न सकिने संविधानको मूल भावना रहेको देखिन्छ।

(५) यतिखेर संविधान संशोधनको विषयमा प्रवेश गर्ने नै हो भने पहिलो कुरा बहसपत्रको प्रक्रिया खारेज गर्नुपर्छ। दोस्रो कुरा संविधानको प्रस्तावना र आधारभूत मूल्य मान्यताका धारा तथा उपधाराहरू नचलाउने प्रतिबद्धता प्रष्ट गरिनुपर्छ। र संशोधन गर्न चाहेका विषयहरू कुन-कुन विषय के-कति कारणले संशोधन गर्नुपर्ने हो, त्यसबारे सङ्घीय संसद्मा प्रतिनिधित्व रहेका दलका नेताहरूको सर्वदलीय बैठक आयोजना गरी सरकारले राष्ट्रिय सहमतिको लागि पहल गरिनुपर्छ।

(६) उपरोक्त विषयहरू सम्बोधन नभएमा सरकारको बहसपत्र तयार गर्ने कार्यदलको यथास्थितिको प्रक्रियामा दलको तर्फबाट सहभागी हुन नसक्ने व्यहोरा जानकारी गराउन चाहन्छौं।

- धन्यवाद ।

हालसम्म कार्यदलमा प्रतिनिधित्व गर्दै आएका निम्न दलका प्रतिनिधिहरू:

| | | | |
|---|---|---|---|
| .................... | .................... | .................... | .................... |
| लक्ष्मण लाल कर्ण | डा. सुरेन्द्र झा | मनोज भट्ट | देव गुरुङ |
| लोसपा | जसपा | राजमो | नेकपा |

मिति : २०८३ असार २२ गते

CamScanner